आन्दोलनका घाइतेको निःशुल्क उपचार

गोपाल संग्रौला

काठमाडौं- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सोमबार भएको आन्दोलनमा घाइते भएका नागरिकको ज्यान बचाउने सबै प्रकारका उपचार निःशुल्क गर्न मातहतका सबै संघीय अस्पतालहरूलाई निर्देशन दिएको छ।

स्वास्थ्य तथा जनसख्यामन्त्री प्रदीप पौडेलले मन्त्रालयले संघीय अस्पतालमा आउने आन्दोलनका घाइतेलाई कुनै शुल्क नलाग्ने गरी शिघ्र उपचारको व्यवस्था गर्न निर्देशन दिएका हुन्।

मन्त्रालयले एम्बुलेन्स सेवालाई पनि थप प्रभावकारी बनाउन निर्देशन दिएको छ। यसैगरी आवश्यक परेका विभिन्न स्थानहरूमा सहजै उपलब्ध गराउन पनि निर्देशन दिएको छ। काठमाडौं उपत्यकाको एम्बुलेन्स सञ्जाललाई अस्पतालबाट रिफर हुने बिरामीलाई अर्को अस्पतालमा लिएर जान सहजीकरणका लागि समेत आह्वान गरेको छ। साथै, सम्पूर्ण चिकित्सक एवम् स्वास्थ्यकर्मीहरूलाई एकजुट भई घाइतेको उपचारमा जुट्न पनि मन्त्रालयले अनुरोध गरेको छ।

काठमाडौंको बानेश्वरस्थित सिभिल अस्पतालमा मात्रै १५० भन्दा बढी उपचाररत रहेका छन्। बानेश्वरमा भएको जेनजी प्रदर्शनको क्रममा प्रहरीले बल प्रयोग गर्दा सयौंको संख्यामा घाइते भएका छन्। बानेश्वरमा नजिकै भएको कारणले सिभिल अस्पतालमा सबैभन्दा बढी घाइतेहरू लगिएका थिए। सिभिल अस्पतालका इमर्जेन्सी प्रमुख रमेश पन्तले सोमबार साँझसम्म १५० भन्दा बढी घाइतेको उपचार भइरहेको जानकारी दिए। अन्य घाइतेमध्ये ट्रमा सेन्टरमा ५०, कामठमाडौं मेडिकल कलेजमा ३२, एभरेष्ट अस्पतालमा ३५ तथा त्रिवि शिक्षण अस्पतालमा १८ जनाको उपचार भइरहेको छ।

उपचारमा संलग्न चिकित्सकहरूले घाइते र मृतकहरूको हात, खुट्टा, छाती र टाउकोमा कुटपिट र गोलीको चोट देखिएको जानकारी दिएका छन्। ट्रमा सेन्टरका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. बद्री रिजालका अनुसार केही घाइतेको पेट र कलेजोमा चोटले गर्दा आकस्मिक शल्यक्रिया गरिएको छ।

सोमबार बेलुका आन्दोलनकारी उपचाररत सिभिल अस्पताल परिसरभित्रै प्रहरी पसेर धरपकड गरेको थियो। प्रहरी बल प्रयोग गर्दै अस्पताल भित्रै पुगेपछि त्यहाँ उपचाररत बिरामी, चिकित्सक, नर्स र स्वास्थ्यकर्मी आतंकित बनेका थिए। प्रहरीले माइकिङ गरेर प्रदर्शनकारीलाई बाहिर निस्किन भनेको थियो। चिकित्सकहरुले भने प्रहरीलाई अस्पताल हाताबाट बाहिरिन आग्रह गरेका थिए। स्वास्थ्यकर्मीले असुरक्षित महशुस गरेर उपचार नै छाड्नु पर्ने अवस्था सिर्जना भएको अस्पतालले जनाएको छ।

स्नातक तहको परीक्षा स्थगन

त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयले भाद्र २२ गतेदेखि सञ्चालित ४ वर्षे स्नातक तह दोस्रो वर्ष (आंशिक तथा मौका) परीक्षाहरु देशमा आकस्मिक रुपमा सिर्जना भएको असहज परिस्थितिका कारण स्थगन गर्ने निर्णय गरेको छ।

भदौ २४, २५ र २६ गतेका दिन बिहान ७ बजेदेखि १० बजेसम्म र दिउँसो १२ बजेदेखि ३ बजेसम्म हुने देशभरका सबै परीक्षा केन्द्रका परीक्षा हाललाई स्थगित गरिएको हो।

पर्यटन व्यवसायी मारमा

पोखरा (कास)- सरकारले फेसबुक, ह्वाट्सएपलगायतका सामाजिक सञ्जाल बन्द गरेपछि पर्यटन व्यवसायी मारमा परेका छन्। व्यवसाय मारमा परेपछि युवा व्यवसायीले सरकारको निर्णय तत्काल फिर्ता गर्न माग गरेका हुन्।

अन्तर्राष्ट्रिय नेपाली युवा उद्यमी महासंघ (फिने) गण्डकीले कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मालाई ज्ञापन पत्र बुझाउँदै सरकारको उक्त कदमले पर्यटन क्षेत्रमा ठूलो असर परेको गुनासो गर्दै तत्काल सो निर्णय फिर्ता गर्न माग गरेका हुन्। सरकारलाई बुझाएको ज्ञापनपत्रमा उल्लेख भए अनुसार उक्त निर्णयले अर्थतन्त्रलाई ठूलो चोट पुऱ्याएको, हजारौं नागरिकको रोजीरोटी संकटमा परेको र दैनिक जीवन नै अस्तव्यस्त भएको उल्लेख गरिएको छ।

महासंघ गण्डकीका अध्यक्ष युवा व्यवसायी अमरजंग गुरुङले सामाजिक सञ्जालमै आधारित सयौं आम्दानीका स्रोत एकैपटक रोकिएपछि पर्यटनसहितको अन्य व्यवसाय प्रभावित भएको बताए। 'पर्यटकहरूले होटल बुकिङ नै रद्द गर्न थालेका छन्। यसले हाम्रो पर्यटन अर्थतन्त्रमै ठूलो आघात पुऱ्याएको छ,' उनले भने।

सामाजिक सञ्जाल नियमन गर्नुपर्ने, तर पर्याप्त कानुनी आधार र कूटनीतिक प्रयास विनै बन्द गर्ने निर्णय अलोकतान्त्रिक र जनविरोधी भएको महासचिव चिरञ्जीवी गौतमले बताए।

'नागरिकको अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हक खोस्ने यो कदम कानुनी शासन र लोकतान्त्रिक मूल्य विपरीत छ,' गौतमले भने।

अध्यक्ष गुरुङले संसद्मा विचाराधीन सामाजिक सञ्जाल नियमनसम्बन्धी विधेयक छँदै पुरानो कानुनको आधारमा गरिएको बन्द तत्काल फिर्ता गर्न माग गरे। उनले भने,'देशको अर्थतन्त्र, लाखौंको रोजगारी र व्यवसाय नै संकटमा पार्ने यस्तो कदम उल्ट्याएर व्यवसायी र आम नागरिकको पक्षमा निर्णय लिनुपर्छ।'

फिने गण्डकीका प्रवक्ता कृष्ण आचार्यले पदमार्गमा पर्यटन सिजन सुरु भएको बेला सञ्जाल बन्दले प्रत्यक्ष असर गरेको भन्दै गुनासो गरे। फेसबुक र ह्वाट्सएपमार्फत हुने सम्पर्क ठप्प भएपछि व्यापारिक सम्बन्ध नै टुटेको र पर्यटकहरूले सामाजिक सञ्जाल नचल्ने देशमा नआउने चेतावनी दिन थालेको उनले बताए।

पोखरा पखौदीका होटल व्यवसायी शिवराज देवकोटाले पर्यटन सिजन सुरु हुन लाग्दा सरकारले गतल निर्णय गरेका कारण आफूहरूको व्यवसायमाथि ठूलो नोक्सानी गराएको गुनासो गरे। सामाजिक संजाललाई नियमन गर्ने नाममा सरकारले एकतर्फी रूपमा सामाजिक सञ्जाल बन्द गराउनु गलत भएको उनको भनाइ थियो।

अघिल्लो...

यातायात तथा भण्डारण क्षेत्रमा गरिएको लगानीबाट ६७ लाख रुपैयाँ लाभांश फिर्ता गएको छ। अरू क्षेत्रबाट १३ करोड ५४ लाख रुपैयाँ लाभांशबापत फिर्ता गएको राष्ट्र बैंकले जनाएको छ।

आर्थिक वर्ष २०७८-७९ मा १५ अर्ब ६७ करोड ५२ लाख रुपैयाँ लाभांशबापत विदेशिएको थियो। आर्थिक वर्ष २०७७-७८ मा २६ अर्ब सात करोड ६६ लाख रुपैयाँ लाभांशबापत बाहिरिएको राष्ट्र बैंकको तथ्यांक छ।

राष्ट्र बैंकले अनुमति दिएका वैदेशिक लगानीका कम्पनीहरूको मात्रै तथ्यांक भएकोले यो उद्योग विभागको तथ्यांकभन्दा केही फरक पर्न सक्ने उल्लेख गरिएको छ। वैदेशिक लगानी स्वीकृत हुने दरभन्दा भित्रने दर अझै कम छ। विगत २ ९ वर्षमा पाँच खर्ब १२ अर्ब रूपैयाँ वैदेशिक लगानी स्वीकृत भएकोमा एक खर्ब ६३ अर्ब रूपैयाँ मात्रै भित्रिएको छ। स्वीकृत लगानीको ३१.९ प्रतिशत मात्रै वैदेशिक लगानी भित्रिएको हो।

नेपालले ६० मुलुकबाट वैदेशिक लगानी प्राप्त गर्दै आएको छ। यीमध्ये भारत, चीन, सिंगापुर, आयरल्याण्ड, दक्षिण कोरिया प्रमुख पाँच राष्ट्रमा पर्छन्।

हाल भारतबाट भएको वैदेशिक लगानी एक खर्ब सात अर्ब रूपैयाँ छ। चीनबाट ३३ अर्ब, सिंगापुरबाट २७ अर्ब, आयर ल्याण्डबाट ३३ अर्ब, दक्षिण कोरियाबाट २० अर्ब पुगेको छ। यो रकम कम्पनीहरूमा भएको सेयर लगानी, यस्ता कम्पनीमा रहेको जगेडा कोष र यी मुलुकबाट भएको ऋण लगानी वापतको रकम हो। यो रकम सम्बन्धित मुलुकको सरकारबाट नेपालले प्राप्त गर्ने ऋण लगानी भने होइन।

भारतबाट सबैभन्दा धेरै उत्पादनमूलक क्षेत्रमा ३८.६ प्रतिशत, विद्युत, ग्यास क्षेत्रमा ३३.६ प्रतिशत र बैंक, बीमा जस्ता क्षेत्रमा १८.६ प्रतिशत लगानी रहेको छ। चीनबाट भने विद्युत्, ग्यास क्षेत्रमा सबैभन्दा धेरै ८५.९ प्रतिशत, उत्पादनमूलकमा ३३.९ प्रतिशत लगानी छ।

नेपाल राष्ट्र बैंकले तोकेको विनिमय दर

मुद्रा	एकाइ	खरिद दर	बिक्री दर
भारतीय रूपैयाँ	१०० को	रू. १६०।००	रू. १६०।१५
अमेरिकी डलर	१ को	रू. १४०.९३	रू. १४१.५३
युरो	१ को	रू. १६५.२१	रू. १६५.९२
पाउण्ड स्टर्लिङ्ग	१ को	रू. १९०.४०	रू. १९१.२१
स्विस फ्रैन्क	१ को	रू. १७६.९८	रू. १७७.७३
अष्ट्रेलियन डलर	१ को	रू. ९२.७७	रू. ९३.१७
क्यानाडियन डलर	१ को	रू. १०१.९५	रू. १०२.३८
सिंगापुर डलर	१ को	रू. १०९.८०	रू. ११०.२६
जापानी येन	१० को	रू. ९.५४	रू. ९.५८
चिनियाँ युआन	१ को	रू. १९.७६	रू. १९.८५
साउदी अरब रियाल	१ को	रू. ३७.५६	रू. ३७.७२
कतारी रियाल	१ को	रू. ३८.६७	रू. ३८.८३
थाई भाट	१ को	रू. ४.४२	रू. ४.४४
संयुक्त अरब इमिरेट दिराम	१ को	रू. ३८.३७	रू. ३८.५३
मलेशियन रिंगिट	१ को	रू. ३३.३९	रू. ३३.५३
दक्षिण कोरियन वन	१०० को	रू. १०.१४	रू. १०.१८
स्विडिस क्रोनर	१ को	रू. १५.०१	रू. १५.०७
डेनिस क्रोनर	१ को	रू. २२.१३	रू. २२.२२
हङ्ककङ्ग डलर	१ को	रू. १८.०९	रू. १८.१६
कुवेती दिनार	१ को	रू. ४६१.३७	रू. ४६३.३३
बहराइन दिनार	१ को	रू. ३७३.८२	रू. ३७५.४२
ओमानी रियाल	१ को	रू. ३६६.०६	रू. ३६७.६२

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Roads Division Damak
Invitation of Bids
Notice Number : *6-2082/83*
(Date of Publication :- 2082-05-24 (9th Sep 2025)

1. Roads Division Damak invites electronic bids from duly registered eligible national bidders for the following Works under National Competitive Bidding Procedure.

S. N.	Contract Identification Number	Description and Location of Work	Average Annual Construction Turnover, NRs, Million	Specific Experience Requirements	Bid Capacity NRs, Million	Bid Document Fee (NRs)	Bid Security Amount (NRs)	Bid Validity Period / Bid Security Validity Period	Estimate Amount (without VAT, PS & Contingencies) NRs.	Remarks
1	RD-DMK/33701169-4/2082/83-38	Blacktop Road Construction Works Including Related Structural Works along Chilhara Chok dekhi Chahari chok samma Gaurigunj, Jhapa	40.00	As Stated in Section III Evaluation and Qualification Criteria of Bid Document	21.00	5,000.00	6,50,000.00	90 days / 120 days	-	Single Stage Two Envelope Bidding Procedure
2	RD-DMK/33701169-4/2082/83-39	Blacktopped Road Construction Works including related Structural Works along Birtamode-10, Milanchok - Ukhubari - Bhutenipull (Bhawani marga), Jhapa	40.00		21.00	5,000.00	6,50,000.00	90 days / 120 days		
3	RD-DMK/33701169-4/2082/83-40	Blacktopped Road Construction Works including related Structural Works along Ward no. 3 ko Ringroad dekhi Paryatakiya Kshetra Happyland (Selfie Dada) hudai ward no. 2 ko Jamunbari Samudayik Ban Samma Jodne sadak (Sudhir Marg), Kankai, Jhapa.	40.00		21.00	5,000.00	6,50,000.00	90 days / 120 days		
4	RD-DMK/33701183-4/2082/83-41	Blacktopped road construction works including related structural works along Gohabari-Khayarbari-Majhigau-Laldhwandra-Srijana chowk-Tinsite Hudai Barhaghare Jodne Sadak, Jhapa.	52.00		28.00	5,000.00	8,60,000.00	90 days / 120 days		
5	RD-DMK/33701183-4/2082/83-42	Blacktopped and Related Structural works along Gauradaha-Sitapur-Rangapur-School Chaun-Swami Chowk-Chapramari-Damuna-Khajurgachhi hudai Bharat Sima Jodne Sadak, Jhapa	96.00		52.00	5,000.00	16,00,000.00	90 days / 120 days		
6	RD-DMK/33701183-4/2082/83-43	Blacktopped and Related Structural works along Gauradaha Himal chowk Thakthake Bhudesimal, Gaurigunj Sadak, Jhapa	52.00		28.00	5,000.00	8,60,000.00	90 days / 120 days		
7	RD-DMK/33701136-4/2082/83-44	Traffic Safety Works along Charali- Chihanedanda section of Mechi Highway NH02 and Birtamode-Dhaula Culvert Section of Birtamode Chandragadhi Highway NH04, Jhapa	-	-	-	3,000.00	55,000.00	90 days / 120 days	21,36,718.12	Single Stage Single Envelope Bidding Procedure

2. **Details of Bid & Information to Deposit the Bid Security Amount (In Case of Cash Deposit)**

Last date of Submission	***2082-06-23 (09th Oct 2025)*** *Time:- 12:00 hrs*	Name of Bank	Rastriya Banijya Bank Ltd, Bhadrapur, Jhapa
Date of Bid Opening	***2082-06-23 (09th Oct 2025)*** *Time:- 12:15 hrs*	Account Name	Ko. Le. Ni. Ka. Jhapa
Pre-bid meeting	***2082-06-12 (28th Sep 2025)*** *Time:- 11:00 hrs*	Deposit Account No.	2210100102030000

3. **Information to Purchase the Bidding Document**

Name of the Bank	Name of the Office	Office Code No.	Office Revenue Account No.	Office Revenue Head No.
Rastriya Banijya Bank Ltd, Damak, Jhapa	Roads Division Damak, Jhapa	337011201	1000200010000	14229

4. Electronic bids must be submitted through PPMO's portal ***www.bolpatra.gov.np/egp.***
5. Roads Division Damak reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason, whatsoever.

हकदावीको सूचना

गण्डकी प्रदेश बागलुङ जिल्ला बागलुङ न.पा. वडा नं.०८ बस्ने श्री आँसी बहादुर खड्का को नाती, श्री इन्द्र बहादुर खड्का क्षेत्री को छोरा, खड्क बहादुर खड्का क्षेत्री को मिति वि.सं.२०८२/०२/१३ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैकमा रहेको बचत खाता नं.२२४०५२५००१४२१२ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउ भनि निजको छोरा किशान क्षेत्रीले आवश्यक कागजात सहित यस बैकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB | शाखा कार्यालय, बागलुङ शाखा
फोन नं.:- ०६८-५२२७६८, ०६८-५२२७६७

प्रमुख कार्यकारी अधिकृत पदमा दरखास्त आव्हान सम्बन्धी सूचना

यस एनआरएन इन्फ्रास्टक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको प्रमुख कार्यकारी अधिकृतको पद रिक्त भएको हुँदा यसमा योग्य र ईच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिएको छ। ईच्छुक उम्मेदवारले **मिति २०८२ भाद्र ३१ गते कार्यालय समय**भित्र आफ्नो दरखास्त पेश गर्न सक्नु हुनेछ। विस्तृत जानकारीकोलागि कम्पनीको Website: Www.nrnil.com मा हेरी जानकारी लिन र त्यसमा कुनै द्विविधा भए कम्पनीको देहायको टेलिफोनमा सम्पर्क गरी जानकारी लिन सक्नु हुनेछ।

NRN Infrastructure & Development Ltd.
एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड
NRN Infrastructure and Development Limited
कमलादी-२८, काठमाण्डौं, फोन : ०१-४५९२९३९

१५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मितिः २०८२/०५/२४)

यस बैंकका निक्षेपकर्ता बर्दिया जिल्ला बाँसगढी न.पा वडा नं. ५ बस्ने श्री रतन प्रसाद चपाईको मिति २०८१/१०/२५ मा निधन भएको र निजको नाममा यस बैंक स्थित खातामा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनी बर्दिया जिल्ला बाँसगढी न.पा .वडा नं. ५ बस्ने निज मृतक खातावालाका भतिजा (नाता) पर्ने श्री हरि प्रसाद चपाईले सम्बन्धित कागजात समेत संलग्न राखी यस बैंक समक्ष निवेदन पेश गर्नु भएकोले निज खातावालाको निक्षेपउपर अरु कसैको हकदावी लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय बाँसगढी वा केन्द्रीय कार्यालय नक्साल, काठमाडौंमा हकदावी गर्न आउनु होला। उल्लिखित समयावधी भित्र कसैको हकदावी पर्न नआएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन बमोजिम मृतक खातावालाका भतिजा (नाता) पर्ने श्री हरि प्रसाद चपाईको माग अनुसार निक्षेप रकम भुक्तानी भई जाने र पछि कसैको हकदावी एवं उजुरी समेत नलाग्ने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

SiddharthaBank
Head Office: Naxal, Kathmandu, Nepal
P.O. Box: 13806, Ph: 01-5970720 / 5970020
SWIFT: SIDDNPKA
Email: customercare@sbl.com.np
Web: www.siddharthabank.com